गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकुद शाखा

डुम्रीडाँडा, गोरखा

फोन नं ०६४-४२०२६९
moe.gorkha@gmail.com

पत्र सङ्ख्या: २०७६/७७
च.नं- 386

गण्डकी प्रदेश नेपाल

मिति: २०७७।०३।१८

श्री सबै विद्यालयहरु( सामुदायिक र संस्थागत)
गोरखा नगरपालिका, गोरखा ।

विषय: कक्षा ९ मा भर्नाका आधार सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्रको मिति २०७७।०३।१४ को प्राप्त पत्रका आधारमा यस नगरपालिकाद्वारा सञ्चालन गरिएको शैक्षिक सत्र २०७६ को आधारभूत शिक्षा परीक्षा अन्तर्गत कक्षा ८ को वार्षिक परीक्षामा सहभागी परीक्षार्थीहरुले न्युनतम कुनै ७ विषयमा D+ (डि प्लस) ग्रेड प्राप्त गरेका विद्यार्थीहरुलाई यस वर्षका लागि मात्र लागु हुने गरी कक्षा ९ मा भर्ना गर्न गराउनु हुन अनुरोध छ । साथै पाठ्यक्रम विकास केन्द्रको यस सम्बन्धी सूचना यसै साथ संलग्न गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

०७७।३।१८

नि. विश्वनाथ वाग्ले
शाखा प्रमुख

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
(-------------------------------- शाखा)

टेलिफोन न. 6630088
6634119
6630588
फ्याक्स न. 6630797
नोटिसबोर्ड : १६१८०१६६३०७९७
www.moecdc.gov.np
सानोठिमी, भक्तपुर

पत्र सङ्ख्या :-
चलानी न. :-

मिति : २०७७/०३/१४

## विषय : कक्षा ९ मा भर्नाका आधार सम्बन्धमा ।

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०७७।२।२४ को बैठकबाट *कोभिड-१९ को महामारीका कारण यस वर्ष कक्षा ८ को ग्रेड वृद्धि परीक्षा सञ्चालन गर्न सकिने अवस्था नरहेको र यसका लागि समय पनि गुज्रिसकेको अवस्थामा कक्षा ९ मा भर्ना हुनका लागि कक्षा ८ मा सबै विषयमा डी प्लस ग्रेड प्राप्त गर्नुपर्ने व्यवस्था रहेकामा यस वर्षका लागि मात्र लागू हुने गरी कक्षा ८ को परीक्षाको कुनै ७ विषयमा डी प्लस ग्रेड प्राप्त गरेका विद्यार्थीहरूलाई कक्षा ९ मा भर्ना गर्न सकिने गरी भर्नाको आधार तोक्ने* भन्ने निर्णय भएकाले सम्बद्ध सबैले यसैअनुसार गर्नुगराउनुहुन यो सूचना गरिएको छ ।

केशवप्रसाद दाहाल

महानिर्देशक